श्री ५ को सरकार

## रक्षा मन्त्रालयको सूचना

### शाही नेपाली सैनिक नियुक्ति, प्रमोशन र अरू विविध व्यवस्था (एघारौं संशोधन) साधारण नियमहरू, २०४२

शाही सैनिक नियुक्ति, प्रमोशन र अरू विविध व्यवस्था साधारण नियमहरू, २०२० लाई संशोधन गर्न वान्छनीय भएकोले,

सैनिक ऐन, २०१६ को दफा ११ र १६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "शाही नेपाली सैनिक नियुक्ति, प्रमोशन र अरू विविध व्यवस्था (एघारौं संशोधन) साधारण नियमहरू, २०४२" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. शाही सैनिक नियुक्ति, प्रमोशन र अरू विविध व्यवस्था साधारण नियमहरू, २०२० को नियम ३ मा संशोधनः शाही सैनिक नियुक्ति, प्रमोशन र अरू विविध व्यवस्था साधारण नियमहरू, २०२० (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ को,–

(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

"(ख) सैनिक उम्मेदवारः छानिने वर्षको वैशाख १ गते २८ वर्ष ननाघेको हुनु पर्नेछ। यस्तो सैनिक उम्मेदवारले कम-से-कम दुई वर्षको सेवा अवधि पूरा गरेको र सम्बन्धित बेसिक कोर्ष गरेको साथै आफ्नो कार्यालयको शिफारिश प्राप्त गरेको हुनु पर्नेछ ।"

(२) खण्ड (छ) पछि देहायको खण्ड (ज) थपिएको छः–

"(ज) क्याडेट उम्मेदवार तथा मेडिकल क्याडेट उम्मेदवार अविवाहित हुनु पर्नेछ ।"

३. मूल नियमावलीको नियम ७ मा संशोधनः मूल नियमावलीको नियम ७ को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२६

"(च) तीन वर्षसम्म जे.सी.ओ. पदमा सेवा गरेको र बिल्लादार वेसिक कोर्ष अथवा से मु. हतियार कोर्ष र से.मु. पति कोर्ष गरेको हुनु पर्नेछ ।"

४. मूल नियमावलीको नियम २२ मा संशोधनः मूल नियमावलीको नियम २२ को खण्ड (ख) पछि देहायको खण्ड (ग) र (घ) थपिएका छन्:–

"(ग) शाही नेपाली सेनाबाट अवकाश प्राप्त गरेको व्यक्तिहरूले आफ्नो दर्जा र नाम लेख्दा अवकाश प्राप्त (अ.प्रा.) भनी लेख्नु पर्नेछ ।

(घ) शाही नेपाली सेनाको अनरेरी दर्जा प्राप्त गर्ने व्यक्तिहरूले आफ्नो दर्जाअगाडि मानार्थ भनी लेख्नु पर्नेछ ।"

आज्ञाले,
मुकुन्दशम्शेर थापा
श्री ५ को सरकारको का.मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

226